# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७८/०२/२४

**आठौं अधिवेशन**

**(चौथो वैठक)**

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको चौथो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहले आजै मिति २०७८।०२।२४ गतेको सभाको बैठकमा "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७४ बमोजिम प्रस्तुत गरेको आ.व.२०७८।०७९ को पुर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको कार्वाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु,

अब म, आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहलाई आ.व.२०७८।०७९ को पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेज माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय सदस्यहरु,**

अब म, आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस्

*(“हुन्छ” भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस्

*(“हुन्न” भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ आ.व.२०७८।०७९ को पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेज माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, आ.व.२०७८।०७९ को पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेज माथिको छलफल प्रारम्भ हुन्छ ।

**सर्वप्रथम माननीय हर्क बहादुर कुँवर लाई समय दिन्छु ।**

माननीय सभामुख महोदय यो अधिवेशन महत्वपुर्ण अधिवेशन रहेको छ यो आठौं अधिवेशनको म शुभकामना दिन चाहान्छु र साथै यो अधिवेशनले पिछडिएका जनता र गरिबिको रेखामुनि रहेका आदरणीय जनता दाजुभाइ दिदिबहिनीहरु र हाम्रो जस्तो पिछडिएको ठाउको लागि यो अधिवेशनले यो बजेट अधिवेशन भएको कारणले यसले महत्वपुर्ण भुमिका निभावस र साथै यसले यो प्रदेशमा रहेका हामी ५३ जनाको एउटै स्वर जावस भन्ने शुभकामना पनि दिन चाहान्छु यो अधिवेशन महत्वपुर्ण रहेको छ र समस्या पनि हाम्रो अगाडि रहेको छ र हामीले यसलाई समाधान गर्नको लागि एक ढिक्का भएर अगाडि जानु अहिलेको अति आवश्यकता रहेको छ बाह्य रुपमा जे जति कुरा भए पनि आन्तरिक रुपमा हामी जब सम्म एकता भएर सहि किसिमले हामी यो प्रदेश अगाडि बढ्यो भने सुदुरपश्चिमका जनतालाई हामीले दिएका बाचा करिब करिब हाम्रो पनि अब ७५% हाम्रो अवधि ढल्किसकेको जस्तो छ तर हामीले बिगतका दिनहरुलाई पनि हामीले सम्झना गर्नुपर्छ र हामीले समिक्षा गर्नु पर्छ जब मानीस चाहे त्यो संस्था होस चाहे कुनै कामको पनि समिक्षा गर्न सकेन भने उसले आगामि दिनमा पनि अगाडि बढ्नको लागि बाटो पत्ता लगाउन सक्दैन त्यसैले सभामुख महोदय यो अधिवेशन सबैको मन जित्ने अधिवेशन लागि सरकारले काम गरोस भन्ने पनि शुभकामना दिन चाहान्छु जे जति अप्ठ्यारा परिस्थिति हरु हामीले पार गर्यौं जनताका आकांक्षा र बिचारहरु हामी प्रतिको माया र स्नेह एउटै सन्देश दिएको छ तिनिहरु प्रदेशमा गएर जनता निमुखा जनता र त्यहाका पिछडिएका गाउठाउका लागि तपाइहरु अगाडि जानुस त्यहि हाम्रो शुभकामना छ भनेर जनताले पठाएको हो आज हामी त्यो बाटोमा अगाडि जान सक्चौ कि सक्दैनौ सवाल यहाँनेर छ सभामुख महोदय आज हाम्रो अगाडि बिनियोजित बिधेएक २०७८/०७९ को कार्यक्रम आएको छ यो आफैमा महत्वपुर्ण छ त्यसैले म सरकारलाई धन्यवाद दिन चाहान्छु हामीले बिगतमा पनि यसता नीति ल्याएका थियौ अध्ययन गर्यौं छलफल गर्यौं कतिपय त्रुटिहरु भए त्यलाई हामीले सच्याउन सक्यौ कि सकेनौ त्यहानेर पनि एउटा सवाल खडा हुन्छ सभामुख महोदय अब आउने दिनमा यसका बुदामा लेखेको कुराहरु अशुद्ध भएकोले नीति तथा सिद्धान्त प्राथमिकताहरु हामीले कसरि जाने हामी माननीय ज्युहरुले आफ्ना जनताहरु प्रतिको उत्तरदायी दिन सक्छौ कि सक्दैनौ सवाल यहाँनेर हो भोलिका दिनमा कोहि मानननीय आउन सक्छन कोहि नआउन पनि सक्छन तर हामीले बसालेको रिति हामीले बसालेका समाजका कुरितिलाई हामीले हटाउन सक्यौ कि सकेनौ यो प्रदेशमा त्यसैले अहिलेको एकताको आवश्यकता हो त्यसैले म सबै माननीयहरुलाई अनुरोध गर्न चाहान्छु म अर्थ बिकास तथा स्रोत समिति हामीले बिगतमा पनि केहि सामान्य दिनको माध्यमबाट छलफल

गरेका थियौ यो कोरोना महामारीले अहिले बिश्वभरि हाम्रो प्रदेश पनि अछुतो छैन भयाभह स्थिति छ मान्छेहरु रोइरहेका छन कारोबार बन्द भेरहेका छन मानिसहरुलाई के खाउ के लाउ भन्ने अवस्था अगाडि सिर्जना भैरहेको छ हामी त्यसमा हाम्रो सरकार हामी प्रदेशका माननीय ले त्यसमा कस्तो भूमिका खेल्न सक्छौ अहिलेको जल्दोबल्दो समस्या कोरोना सम्बन्धी हामीले अगाडि बढ्नुपर्छ । पहिला मान्छेलाई बचाउ आफु पनि बचौ हाम्रा आदरणीय दाजुभाइ दिदिबहिनि सबैलाई हामीले वचाउनु पर्छ। यो कोरोनाको बारेमा सरकारले अति गम्भिर भएर यो ९ वटै जिल्लामा सरकारले अति गम्भिर भएर यो स्थापना गरोस मेरो शुभकामना छ मेरो साथ पनि छ र हामीले गर्ने निरन्तर अगाडि सरकारलाई सहयोग गर्न तयार रहेका छौ अहिले कलिलै मान्छेहरु खेल्ने मान्छेहरु बिहान ५ बजे मोबाईल खोल्यो भने सुन्न आउछ दुख लाग्छ हाम्रो जस्तो प्रदेश अति शुन्दर हिमाल पहाड तराइ ले बनेको एउटा नमुना चिडियासरह यो प्रदेश हो यो लाई हामीले नीतिमा ढालेर यो प्रदेशलाई हामी सक्यो भने मात्र हामी माननीय ५ बर्ष भएको साकार हुन सक्छ । यदि हामी जनता प्रति उत्तरदायी हुम सकेनौ भने हामीलाई जनताले प्रश्न गर्ने छन अहिले पनि गाउँ जाँदा प्रश्न उठिरहेका छन प्रदेश सरकारले काम गरेको छ हामी भन्दा तल नीति छन हाम्रा तल निकाय छैन त्यसैले पनि प्रचार गरेरको छ यो कुरा पनि जल्दो बल्दो समस्या रहेको छ यो कुरा पनि हामी आफ्ना निकाय पनि खडा गर्न सक्नु पर्छ जिल्ला सम्न्वय समितिका किताब बनाएर उल्लाई केहि जिम्मेवारी दिएर उलाई केहि मा समेत गर्ने पनि अहिलेको आवश्यकता रहेको छ त्यसैले अहिले सर्बप्रथम कोरोना मा हामीले भेण्टेलेशन र प्राविधिक ले गरेका सामानहरु खोजेर स्थापना गर्नु अहिलेको आवश्यकता हो हाम्रो यलाई हामी पहिलो नम्बरमा नीतिगत हिसाबले हामी अगाडि बढे कुन माननीय ले कति बजेट लियो अहिले यो बजारमा हेर्दा खेरि धेरै मान्छेहरु आयको देकिन्छ टेलेफोनको भरमा माननीयहरु मेरो कुलो त यस्तो भयो मेरो तटबन्धन यस्तो भयो हामी त्यलाई बिस्थापित गरेर अगाडि बढ्न सक्छौ कि सक्दैनौ सवाल यहाँनेर हो त्यसैले सरकारको पनि यसमा गम्भिरता पुर्बक यसमा सरकार परिबर्तन भएको छ महत्वपुर्ण मन्त्रीहरु यसमा सहभागी हुनुहुन्छ उहाले पनि एउटा यो प्रदेशमा यो वा त्यो भनेर हामी सवै ५३ जना माननीयहरुको हामी सबै किसिमको समानुपातिक ढङ्गले हिमाल पहाड तराइ सबैलाई समट्ने खालको भुगोलको आधार जनताको आधार यो लाई आधार मानेर हामी सबै बिकासको आधार गर्न सक्छौ कि सक्दैनौ जब सम्म हामीले यलाई आधार मान्यौ हामी अगाडि बढ्यो भने हामी माथि कसैले पनि औला ठड्याउन सक्दैन मेरो सुझाब यस्तो छ नीतिगत हिसाबले हामीले ल्याउनुपर्छ एउटा सन्देश दिनुपर्छ अहिले हामीले यो सरकारले एउटा सन्देश देवस सुदुरपश्चिम प्रदेशमा यस्तो सन्देश होस कि बिज्ञ राखेर सुझाब लेवस प्रत्येक माननीय बिज्ञ हुनुहुन्छ पुर्ब मन्त्री हुनुहुन्छ तपाइहरु हामीहरु सबै बसेर प्रतिपक्ष सँग बसेर छलफल गरौ हाम्रा बिचारहरु हाम्रा भिउ हरु बटुलेर एउटा यो प्रदेसमा जनताको पक्षमा एउटा काम एउटा सन्देश दिएर जाउ तब मात्र यो प्रदेशमा यो सुदुरपस्चिमले जनता ले हाम्रो पक्षमा हामीलाई साथ दिन सक्छन त्यसैले आज मात्रै जो नीति मार्फत पुर्ब अर्थ समितिको आयोजनामा पुर्ब आर्थिक मन्त्री युबराज बास्कोटा लगायत सँघमा रहेका बिज्ञ हरु समेत रहेका अर्थ समितिका अध्यक्ष ज्युहरुको उपस्थितिमा यो प्रदेशका अर्थ सचिव सामाजिक

बिकास सचिव र सामाजिक एउटा सचिवलाई हामीले निमन्त्रणा पठायका थियौ १ जना उपस्थित हुन सक्नु भएन ३ जना हुनुभयो त्यसको माध्ययमबाट पनि हामीले गाइड लाईन प्राप्त गरेका छौ उहाहरुले पनि त्यहि गाइड लाईन दिनु भयको छ हामीलाई बिज्ञहरुले हामीले हाम्रो ३ बर्ष हाम्रो शिर्षक रहेको थियो बिगतका ३ बर्षको समिक्षा आगामी दिनका दिनमा सुझाव यो समितिले कसरि दिन सक्छ भण्नका खातिर हामीले यो गरेका थियौ समिति भर्खरै पउने ३ बजे सम्पन्न भयको छ कार्यक्रम मैले यो सभामुख मार्फत म यो जानकारी गराउन चाहान्छु त्यसैले मैले यो समितिको बैठक बोलायर समितिको माध्यम बाट ७ वटै मन्त्रालयलाई सरकारलाई अनुरोध गर्न चाहान्छु आफ्नो समिति भित्र परेका मन्त्रालयलाई निर्देशन लिखित रुपमा पनि हाम्रो समितिले दिन सक्ने अवस्था रहेन छ त्यसैले सभामुख महोदय यो कार्यक्रमहरु हामीले दलितले बारेमा यहाँ लेखेको छ पिछडियका जाती जनजाती लेखेको छ हामीले दलितको बारेमा किन लेख्न सक्दैनौ मैले पहिला ह्रासमा उठाउने गरेरको छ हाम्रो जस्तो १८% दलित हाम्रो प्रदेशमा दलित भएको क्षेत्रमा कैयौ मानीसको लालपुर्जा छैन कैयौ मानिस दास बनेका छन कसैको नाममा जलसाहु भन्नेको नाममा दलितहरु अहिले पनि हेपिएका चेपिएका छन अनि हामीले जनचेतना दिनसकेनौ भने भोलि यहाँ आउला नआउला हामीले यहाँ अहिलेको यो पहिलो प्रदेश भएकोले पनि हामीले एउटा सन्देश दिनु अहिलेको आवश्यकता हो त्यसैले हामीले घोषणा गर्नु पर्छ । गत बर्ष ०७५/७६ को बजेटमा ३ लाख ३२ हजारको दरले पैसा गयो तर ति बजेट फ्रिज भएर आयो तर दलितको नाममा जग्गा छैन अनि अहिलेको यो बजेटमा यो प्रि बजेटमा सरकारले दलितहरुलाई जग्गा किन्ने प्रस्तावको पनि त्यसमा १ लाख थपेर सिडिव कार्यलय मार्फत पठाउन सक्छौ तब मात्र हामी गरिब परिवारलाई उठान गर्न सक्छौ उहाहरुप्रति उत्तरदायी हुन सक्छौ उनिहरुका जीबन रक्षाको लागि बाश बस्नको लागि हामीले त्यलाई अगाडि बढ्न सक्छौ यदि हामीले नारामा मात्र गरिब महिला भन्यौ भने त्यसले साकार पाउने वाला छैन दिन बित्दै जान्छ त्यो एउटा सन्देश यस पालिको बजेटमा आवस भन्ने म सुझाव पनि दिन चाहान्छु र समर्थन पनि गर्न चाहान्छुँ अब जहा सम्।म मैले अगि उठान गरे सभामुख महोदय हाम्रो जस्तो पिछडिएको ठाउमा हामीले यहाँ लेखियका छन स्वागत योग्य छन कुरा त तर हामीले कम्पिलिट रुपमा उतार्न सक्नुपर्छ के हो त हाम्रो प्रदेशमा हामीले जनतालाई प्रत्यक्ष दिन सक्ने आधार केहो अहिले पनि दुर दराजका जनताहरु अहिले पनि भोक भोकै चामल नपाउने अवस्था रहेको छ बाढि पिडितको कुरा छ हामीले कैलाली कञ्चनपुर जहा डुबान हुदै छ अहिले चुरे दोहोनको जुन नीति ल्यायको छ सँघ सरकारले हामीले त्यलाई अनुरोध गर्नुपर्छ त्यलाई बिरोध गरेर हामीले जब सम्म त्यो दोहोनको नीतिमा जान्छौ तब सम्म यो तराईका २ वटा जिल्ला त यहाँका दाजुभाइ दिदिबहिनी त उठ्नै सक्दैनन् यस्तो अवस्था रहेको छ हाम्रो डडेल्धुरा कैलाली को क्षेत्रमा यो नीति लागु भयो भने अथवा यलाई अगाडि बढायो भने नीश्चित रुपमा यहाँका जनता मात्र यहाँको प्रदेश मात्र हामीलाई घाउ लाग्ने अवस्था रहन पनि सक्च त्यसैले हामीले डुबान क्षेत्रलाई पनि गत बर्ष जोशिपुर भजनि टिकापुर लगायतका क्षेत्रमा हामीले अनुगमन गयौं त्यहा अझसम्म पनि एक चिम्टि अथवा एक मुठि चामल गयको अवस्था छैन किन हामी यस्तो गरि रहेका छौ हामीले सन्देश दिने हो भने हामी

किन लागु गर्न सक्दैनौ यो एउटा नीतिमा आवस पहाडमा बाढि पिडित डडेल्धुरा, बझाङ। बाजुरा जस्ता पहाडि जिल्लामा भेगमा बर्षेनी सताइरहेको छँ माथी डडेल्धुराको धैरै ठाउमा बृहत ठुलो पहिरो रहेको छ त्यसले बिनाश गर्नयो भने साच्चिकै त्यो अछाम मा बच्दैन कैलाली बच्दैन डोटि बच्छ साफ पारेर यहाँ कस्तो अवस्था होला हामीले यलाई समयमा ध्यान पुर्याउदैने किन यलाई नीतिमा किन हामी यलाई लागु गर्न सक्दैनौ यशमा त्यसलाई समेटिवस भन्ने म अनुरोध गर्न चाहान्छु त्यसतै भर्खरै हामीले अर्थ बिकास तथा स्रोत समितिले हामीले कार्यक्रमको शुरुवात गरौ हामीले हाम्रो समितिबाट ९ वटा जिल्ल्मा हामीले पुर्ब बजेट तयारि  सम्बन्धमा हामीले कार्यक्रमहरु गर्यौ हामीले माननीय सभामुख लाई पनि निमन्त्रणा बझाङ का पठायौ हाम्रा २ टिम बनाएर अर्थ समितिका ४ वटा जिल्लाको नेतृत्व गरेर म आफै गएको थिय र ५ वटा जिल्लाको नेतृत्व गरेर हाम्रो अहिलेको मन्त्री हाम्रो दिर्घ सोडारी ज्यु जानु भयो हामीले जनताको राय लियौ हामीले यो पार्टि त्यो पार्टि भनेनौ त्यहा हामीले समग्र जिल्ला समन्वय मार्फथ त्यहाका पालिकाका प्रमुख उपप्रमुख बिज्ञहरु मार्फत लाई बालाएर हामीले छलफल ग्रयौ उहाहरुका सुझाव महत्वपुर्ण रहेका छन उहाहरुले यति गहिराइमा सुझाब दिनु भयको छ हामीले त्यो सुझाव लिएर हामीले प्रतिवरदन तयार गर्यौ हामीले माननीय सभामुख ज्युका सचिबालयमा मुख्य मन्त्री आर्थिक मामिला योजना मन्त्रालय सामाजिक बिकास मन्त्रालय आर्थिक मामिला तथा कानुन मन्त्रालयलाई हामीले ति प्रतिबिदेन पेश गरेका छौ त्यसमा हामीले यो बजेट त्यो बजेट भनेको छैन त्यहा जनताले बोलेका माइनेटिङ गरेका कुरालाई मात्र समावेश गरेका छौ प्रदेशमा लागु गर्यो भने धेरैधेरै फाइदा हुने वाला छ यस्तो गहरिराइमा उहाले सुझाव दिनुभयको छ जस्ताको त्यस्तो हामीले प्रतिबेदन उपलब्ध गराएका छौ म सँग त्यो धेरै उपलब्ध छैन माननीयहरुलाई उपलब्द गराएको भय धेरै राम्रो हुने थियो जस्तो मलाई लाग्छ त्यहि पनि हामीले सरकारलाई उपलब्ध गराएका छौ यो त्यसमा टेकेर अगाडि बढ्नु होला भन्ने म अनुरोध गर्न चाहान्छु सभामुख मार्फत म निबेदन पनि गर्न चाहान्छु अब साच्चै हामी कुपोषण जब मान्छे स्वस्थ हुदैन भने पछि गयर उसको दिमाग कस्तो होला हामी कल्पना गरौ त्यसको लागि कुपोषण बच्चाको लागि प्रदेश सरकारले बनायर घोषणा गरोस त्यसमा राखियोस र नीति तथा कार्यक्रममा समावेश गरियोस र आवस यहाँ छाउपडिको कुरा आयको छ अहिले सम्म छाउपडिको अन्त्य भयको छैन मेरै जिल्लामा छ अर्काको जिल्लामा रहेको छ त्यसैले यसकोलागि बृहत कार्यक्रम ल्याएर सञ्चालन गर्न पर्यो सरकारले फुर्सदको बेला हामी गाउ गाउ बस्ति जान तयार छौ अनि यि कुरालाई कुरिति कुसंस्कारहरुलाई पहिला मेटाउन पर्छ र त्यसले आउने दिनहरुमा यो पुर्ब बजेट तयारिको सम्बन्धमा हामीले प्रतिबेदन बुझायका छौ त्यो सबै बोलेको छ मैले धेरै बोल्नु भन्दा पनि सरकारले त्यो अध्ययन गरेर त्यो लागु गरोस भन्ने म अनुरोध गर्न चाहन्छु  र सुझाव दिन चाहान्छु अब यसमा यो आयआर्जनका लागि यहि समितिमा हामीले यो स्वरोजगार बिधेएक पारित गरेको यो अहिलेको नीति तथा कार्यक्रममा त्यसले बोल्नु पर्छ हाउस लाई हामी माननीय लाई त्यसले आशवस्त पार्नुपर्छ हुनुपर्छ अब पैसा बैंकमा छ अब सियो पनि नियुक्त गर्न नसक्ने कार्यक्रम अगाडि बढआउन नसक्ने के को लागि पैसा जम्मा गर्ने त्यसो भय राहत बाडौ सबै जिल्ला जिल्ला मा दलित छन गरिब छन जम्मा मान्चेहरु छन तिनलाई

राहत बितरण गरौ पैसा जम्मा गर्ने हो र त्यो के गर्ने हो सरकारले त्यो गर्नु पर्छ र त्यो स्वरोजगार कोभिड बाट पिडित भएका बिदेशबाट आएका युवारहरु जो १६-४० का युवाहरुलाई आयआर्जनका क्षेत्रमा उद्यौगिककरण गरेर त्यलाई लागु गरेर गर्नु पर्छ भन्ने मेरो सुझाव रहेको छ र त्यसैले यो सरकारलाई मेरो यो नीति तथा कार्यक्रम राम्रो ल्यावस भन्ने सुझाब पनि दिन चाहान्छु स्थानीय स्तरमा अब सभामुख महोदय लाष्ट मेरो एउटै बुदा रहेको छ हाम्रो सहकार्य गर्न जरुरि रहेको छ स्थानीय पालिका र सँघ सँग पनि हामीले हातेमालो अगाडि बढाउनुपर्छ किनभने यो ३ वटैको आफ्नै अस्तित्व रहेको छ त्यसो भयको कारणले पनि स्थानीय पालिकासँग हामीले हात बढायौ काम गर्यो भने हाम्रा कामको प्रचार भएकोछेन काम गरेको छैन त्यो प्रचार गराउनको लागि पनि हामीले आफ्नो जिम्मेवारीको नीकाय सँग त्यहा हात बढाउनुपर्छ भन्ने म अनुरोध गर्न चाहान्छु अन्तमा यो अभिवेशनले सधैको भावना सबै माननीयलाई बराबर किसिमको समानुपातिक ढङ्गले यो बजेट आवस भन्ने शुभकामना दिदै म बिदा हुन्छु ह्रस्वत धन्यवाद नमस्कार

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय बिनियोजित बिधेएक २०७८ एवम प्राथमिकताको बारेमा छलफल प्रारम्भ भएको छ वास्तवमा हरेक बर्षको बिनोयिजित बजेट लाई हेर्दा परम्परागत हिसाबमा आउने त्यो तात्विक केहि भिन्नता मलाई देखाको जस्तो लाग्दैन र पहिला त यो  भिन्न रुपमा अध्यादेश पेश नगरिकन आएको छ यो एउटा प्रकृयागत रुपमा त्रुटि पुर्ण छ भन्ने मैले बिशेस समयमा पनि बोलेको थिय त्यसैले हामी यो प्रकृयामा अझ चुकेका छौ यो फेरि म अझ सम्झाउन चाहन्छु र जहासम्म यहाँ धेरै कुरा लेखियका छन ४७ बुदा लेखिएका छन । सायद धेरै कुरालाई छएको छ तर धेरै कुरालाई छोएर शब्द चयन गरेर मात्रै हुदैन र वास्तवमा त्यो अनुसारको बजेट र प्रभावकारी कार्यन्वयनको कुरा र जुन बर्ग र क्षेत्रमा हामीले बजेट बिनियोजन गर्यौ त्यो क्षेत्रमा जान हामी सकेनौ त्यसैले हामीले बिगतको ३ बर्षको समिक्षा पनि मुल्यांकन गर्न सक्नु पर्छ तर हाम्रो मानसिकता हरु मनोबिज्ञानहरु कतै अर्कै तिर छन किन भन्दा यो बिधायका  र सरकार भनेको धेरै अभिन्न अंग हुन यो मनोरञ्जन गर्ने थलो होइन यो भित्र पनि पर्देन कोभिड यत्रो त्रसित रहेको छ हामीले भन्यो यो धेरै चोटि हामी करायो अब त काबु भण्दा बाहिर गैसक्यो कम्युनिटि लेबलमा गैसक्यो अब यहाँ बोलिरहेका छौ त्यसको कुनै अर्थ छैन सिटामोल सम्म पाइराखेको अवस्था छैन जहासम्म ५६ करोड रुपिया सरकारले बिनियोजन गरेको थियो र त्यो पठायको पनि थियो र हामीले त्यसको परीणाम के पायौ त्यसको परिणाम जनताले के पाए करोडको हाराहारीमा गयको छ कोभिडको नाममा धेरै अनिमियतता भयको छ त्यसलाई हामीले न समिक्षा गर्यौ न मुल्याङ्कन गर्यो पैसा मात्र पठायौ पार्टिक उपलब्धी हुन सकेन र जहासम्म मुलभुत कुरा हामीले उत्पादन क्षेत्रको कुरा गरेनौ मुद्रा स्फृतिको कुरा उठेको छैन किनभण्दा सबैभण्दा पहिलो कुरा त हामीले यत्रो कोभिडको कहरमा अर्थतन्त्रलाईकसरि बलियो पार्न सकिन्छ यसका दीर्घकालिक बिषयहरु किन भने स्वावलम्बी अर्थतन्त्रलाई हामीले कसरि चलायमान राख्ने भन्ने तर्फ पनि मलाई लाग्दैन यसले धेरै कुरा बोल्न सकेको छैन र मुद्रा स्फृति वास्तवमा भन्ने हो भने मलाई लाग्ने गर्छ अब यो रनिङ्ग फेजमा गैरहेको छ मनि

प्रोडक्सन र त्यो रनिंङ बाट जम्पिङमा जान सक्छ र भोलि देश टाट पल्टिन सक्छ त्यो हाम्रो काबु त्यो बिषयमा हामीले समिक्षा गर्दैनौ कहिल्यै गरेका छैनौ बिकाशिल गति र हाम्रो आम्दानी कति जाने भन्ने कुरामा हाम्रो ध्यान गएको छैन त्यसैले यस तर्फ हामीले कृषिको कुरा उठायौ कृषिको प्रणालीको कुरा उठायौ कुरा छुटयाउछऔ तर तराइका यि २ जिल्ला भनेको पहाडका ७ जिल्लालाई पाल्ने सक्ने हैसियत भएका तर कृषि क्षेत्रमा समयमा पल बिउ को लागि ज्यान फाल्नु परेको छ तराइका किसानहरुले ईन्डियाबाट चोरि निकासि स्वयम सरकारका नीतिले गराएको छ आज चोरि गर्ने अनि हामी आदर्श र सिद्धान्तका धेरै ठुला गर्छौं कृषि प्रणालीमा आधुनिकिकरण गर्ने भन्छौ यति हुन्छ र हाम्रो अर्थ तन्त्र बलियो हुन्छ त्यसैले परम्परागत रुपमा कृषि क्षे त्रले नै हामीलाई केहि हद सम्म धानेको छ सायद मर्न वाट बचाको छ धेरै प्रयासहरु भयको छ यो देशमा त्यसलाई पनि यो ले थेगेको छ हामीले त्यो संघर्षलाई खाली आदर्शका कुरा नीतिका कुरा सिद्धान्तका कुरा गर्यौ तर वास्तबिक किसानलाई वास्तविक कृषि प्रणालीलाई आधुनिकिकरण गर्ने कुरामा हामी चुकेका छौ र मुद्रास्फुर्ति डर लाग्दो रुपमा गएको छ र यतातिर सम्बन्ध पक्षको हाम्रो द्यान रहेको छैन म एउटा स्मरण गर्न चाहन्छु सभामुख महोदय बि.पि नरसिँ राहु भारतमा प्रधानमन्त्री हुदा उनको लाष्ट समयमा भारतमा २३ हप्ताको लागि मात्र बिदेशि मुद्रा सञ्चितिकरण गरे हाहाकार मच्चिने अवस्था आयो भारत टाट पल्टिने अवस्थामा पुग्यो धेरै सँग हार गुहार ग्रयो तर कसैले गरेन यो कस्तो हुदो रहेछ भने जब छैन दाइले पनि पत्याउदैन भाइले पनि पत्याउदैन बेलायत अमेरिका गर्यो पत्याएन उले आफ्नो बाट सुन निकाल्यो त्यो सुन धितो राख्यो रे त्यो पैसा ल्यायो र मनमोहन सिँ लाई अर्थमन्त्री बनायर उले मनमोहन सिँ ले आर्थिक उद्धारिकरण उले गर्यो र त्यो मुलुक ब च्यो नत्र ईन्डियामा बिकृति एउटाको लागि मात्र बिदेशि मुद्रा सञ्चितिकरण थियो र घर मुलि जब बेलका र भोलिको लागि जब बच्चाको खाना खानको लागि छैन भने के होला हालत र हामी अब त्यो हामी सुन्दै छौ र अहिलेको सँघिय बजेटको जुन ल्यायको छ त्यहि अनुसार खर्च अनुपात हुने हो भने हामीले खाने तलब र कर्मचारीले खाने तलब पनि ऋण झिकेर खुवाउने पर्ने अवस्था आउन सक्छ त्यो बेला यो मुलुकको हालत के होला त्यसको लागि पनि हामी सँबिदनशिल बनौ सरकारले समन्वय गर्छ सरकारले असल नीति बनामछ सरोकारबाला सँग बस्छ बिज्ञहरु सग बसेर सरकारले यो प्रदेशका लागी मुलुकका लागि राम्रो नीति बनामने हो अनि मुलुक को पाटो अनुगमन को पार्ट अत्यन्त फितलो रहेको छ यो पहिले देखि नै फितलो छ आज क्वान्टिटिको कुरा त आउनै सक्दैन जहा अनुगमन नै छैन अब बाजुरालाई डोटिले हेर्छ खानेपानी लगायत अब त्यो के हेर्ने के अनुगमन हुने कुनै मेकानिज्म पनि अहिले प्रभावकारी हामीले दियको बजेको पनि अहिले सम्म त्यसको ईम्पलिमेन्टि गर्ने सम्म पनि हामीले बनामन सकेनौ त्यसले गर्दा खेरि हाम्रो आग्रह हो यहाँ पक्ष र प्रतिपक्ष भनेको सधै झगडा गर्ने काटकाट गर्ने बिषय होइन हाम्रो उद्देश्य हाम्रो गन्तब्य एउटै हो किन भने सुदरपश्चिम पहिले देखि पछाडि परेको हो एउटा मेन स्टिम भन्दा बाहिरको हो सुदुरपश्चिम त्यसैकारणले आफ्ना ब्यथा छन यसक आफ्ना पिडा छन र यसको आर्थिक समृदि गर्ने कुरामा सत्ता पक्ष र पर्तिपक्ष हुन सक्दैन कंग्रेसले आफ्ना बारम्बार भन्यौ हामी सरकारको पक्षामा छौ हामी सहयोग गर्छौं

सँगसँगै लिएर जानुस भन्दा ति उठाका सहयोगि ति हातलाई प्रदेश सरकारले कहिले पनि आवस्यकता ठानेन आज ३ बर्ष सम्म एउटा माननीय हरुलाई भिखारि जस्तो बनायो योजना दिनुस न हजुर भनेर धेरै मन्त्रालय माननीयहरुलाई सराहनिय बनायो कतिपय ठाउमा माननियहरुलाई अमानित गरेका छन हामी सबै माननीय हो नि हामीले सबैले एउटा यस्तो सिस्टम राख्न पर्योमैले बारम्बार भनेको छु हामीले माननीयहरुलाई जवाफदेहि बनाम यो सदनलाई बढि क्रियाशिल बनाम यसको पहुच बढाउ यो त सरकारको हातमा हो नि सरकारले गर्ने हो बातावरण यस्तो सरकारले दिने हो त्यसैले अहिले मेरो अनुरोध के छ सभामूख मार्फत सरकारका साथिहरलाई अहिले पनि अब हामी यो चौथो बजेट छ अब हामी उत्तारार्धमा पुगिसक्या छौ यो वेलामा पनि कतिपय माननीय हरलाई न्याय भएन भने ५ बर्षमा एउटा योजना नलियर घर फर्कनु पर्ने दिन आउने छ कति पिडा होला त्यसैले एउटा के हो भने न्यायोचित तरिका सम्मान जनक तरिका माननीय हरुलाई सिफारिसमा के कति गर्न सकिन्छ उच्च सम्मानका साथ तपाइहरु बजेटको व्यवस्था गर्नुस बजेट हाल्नुस र त्यसलाई त्यहि ढङ्गले व्यवस्था गर्नुस त्यो योजना सहि बेला सम्पन्न हुनपर्छ त्यो क्वान्टिटिको हुनुपर्छ र त्यो जवाफ देहि पनि हुनुपर्छ माननीयहरुलाई गराउनुस यो सभामुख मार्फत आग्रह गर्न चाहान्छुर अब यो कोभिड का बेला भेन्टिलेटर त जिल्ला जिल्ला दियौ तर त्यो चलाउने खालका भएन अहिले ति भेन्टिलेटरहरु हामी वापिस मागिरहेका छौ त्यो भेन्टिलेटर चलाउन स्किल भयको जनशक्ति चाहिन्छर त्यो भेन्टिलेटर एउटा साधन हो त्यलाई चलाउने जनशक्ति नभइकन त्यो आफै चल्दैन र दियो भेन्टिलेटर अहिले फिर्ता लिराखेको छ त्यसले के असर पार्यो त आखिरमा अनुत्पादक कुरा भैराखेको छ जहा दलित महिला जनजाति जो पिछडा बर्ग छ त्यसको लागि हामी धेरै आदर्शका कुरा गर्छौं धेरै कुरा गर्छौं र कार्यान्वयनमा कुनै उपलब्धी भएको देखियको छैन त्यस बर्गको पनि समरान्त बर्गले बाहके त्यस बर्गको खास कमजोर बर्गले त्यो उपलब्धीबाट त्यो बञ्चित रहेको च त्यसैले त्यो गरिबिको रेकामुनी परेको छ जो असाध्यै तल झरेको छ त्यसको जिबनमा जब सम्म हामीले सुधार ल्याउ सक्दैने तब सम्म यो मुलुक अगाडि बढ्न सक्दैन अब यो नीति कार्यक्रम यो शब्द धेरै कुराहरु हामी कितावमा लेख्छौ तर यि शब्दहरु कार्यान्वयन हुदैनन् लेखेकै भरमा उपलब्धी आउदैन त्यसैले यसलाई सहि ढङ्गले प्रयोग गर्ने मेकानिज्म र प्रोपर युज यसका लागि हामीले बजेटको ब्यवस्था गर्यौं र त्यलाई त्यसले उपलब्धी पाउन पर्यो यो बर्षको यति सम्म उपलब्धि हासिल बयो नेष्ट यिअरमा यसको उपलब्धि यति हुन सक्छ भन्ने किसिमले हामीले जान पर्छ शैक्षिक संस्थाको अवस्था हेर्ने हो भने सामुदायिक सैक्षिक संस्थाहरु अब कोल्याप्स हुदै छन दुरा अवस्थामा रहेका छन यो कसरि चलाउने यो प्रदेश सरकारले हिम्मत गर्न सक्नुपर्यो स्कुलको संख्या बढायर मात्र हुदैण क्वालिटि मेन्टेन गर्ने सवालमा कति स्कुल राख्ने कस्ता प्रकारका राख्ने यो किसिमले हामीले जान सकेनौ भने यो शेक्षिक संस्था कम्युनिटि लेबलमा ध्वस्त हुदै छ यो हुने अवस्थामा रहेको छ दुरा अवस्थामा  रहेको छ यस तर्फ सरकार गम्भिर हुन पर्यो मेरो समय सकिन लागेको संकेत पायको छु त्यसैले मेरो सबै सँग आग्रह सभामुख मार्फत के छ भन्दा हामी सबैको गन्तब्य यउटै छ उद्देश्य यउटै छ अखण्डता र सबैको संघर्षले ल्याको यो संविधान को रक्षा गरेर र लोकतन्त्रको रक्षा

गरेर हामी एक ठाउमा उभियर अगाडि बढ्नको बिकल्प छैन देश बहुत अप्ठ्यारो अवस्थामा रहेको च जब सम्म हामी संविधआनलाई वचाउन सक्दैनौ नेपालको भविष्य डार्क हुन सक्छ त्यसैले सरकारमा बसेका साथिभाइहरुले जिम्मेवारी हिसाबले सबै राजनीतिक दललाई सक्रिय क्रियाशिल सवै यहाँका राजनीतिक दललाई समन्वय गरेर हामी यि राष्ट्रिय मुद्दाहरु राष्ट्रका लागि एक ठाउमा उभिने वातावरण बनामदा सरकार नै बलियो हुन्छ मलाई त्यो लाग्छ म यो सुझाव दिदै बिदा हुन्छु धन्यवाद ।

**माननीय प्रकाश रावल**

माननीय सभामुख महोदय, सर्वपर्थम २०७८/०७९ को हाम्रो आठौ बजेट अधिवेशन शुरु भयको छ र आठौ अधिवेशनमा सम्पुर्ण यो सुदूरपश्चिमको प्रदेश सभाले एकता र एक मनका साथ हामीले यो प्रतिकुल अवस्थामा ल्याउने बजेटलाई ब्यवस्थित ढङ्गले यो बिश्वको कोरोनाको महामारीको दोस्रो लहर वाट हामी संसार नै पिडित भएको अवस्था र नेपालको पनि शुदुरपश्चिम प्रदेश प्रदेश अझै अत्यन्तै पिडित भएको अवस्थामा हामीले यो स्वास्थ्य क्षेत्रलाई गम्भिरता पुर्बक यो आठौ बजेट अधिवेशबले यसलाई अगाडि बढाउने छ भन्ने आशा र बिश्वास पनि लिएकोछु र यसलाई हाम्रो शुदुरपश्चिम प्रदेश को कैलाली र कञ्चनपुर जिल्ला यो अत्यन्तै भारत सँग जोडियको जिल्ला भएको कारणले यो अवस्थामा पनि अहिले निषेधित क्षेत्र भएको अवस्थामा पनि बोर्डरमा आउने जाने प्रक्रिया चलिरहेको च अहिले पनि बारतमा आउने जाने नागरिकहरुले गरिरहेको अवस्था छ र यसको लागि हामीले पहिलो कोरोना कहर भएको बेला हामी पिसिआ मेसिनकै पछाडि दौडयौ त्यति बेलाको आवश्यतका भनेका नागरिकहरुलाई कलाई कोरोना छ कोलाई कोरोना छैन र कहानेर कोरोना भनेको के हो भन्ने कुराकै खोजिमा हाम्रो सबै स्वास्थ्य क्षेत्र र हाम्रो याको सबै बिज्ञहरु र पिसाआर कै खोजिमा हामी दोडयौ र दोस्रो लहर आउने बित्तिकै त्यसले अक्सिजनको अभाव देखायो अक्सिजनको अभावले भारतमा मानिसहरु सडकमा मरेको हामीले देख्यौ र त्यो देख्ता देख्तै अझै हामीकहा त्यो सिमामा आउने जुन ओहोर दोहोर गर्ने परम्परा रहेको च भारतमा नगइ यहाँका नागरिकहरुको थलो रहेको भारतमा अवश्य पनि त्यो पिडा रहेको छ त्यो पिडालाई हाम्रो सुदुरपश्चिम प्रदेशले रोजगारीका सम्भावनाहरु अहिलेको सिद्धान्त एवम प्राथमिकता बिधेएक प्रस्तुत भयको छ अर्थ मन्त्री ज्युले प्रस्तुत गर्नु भयको छ यो कस्ता खालका प्राथमिकता साथ अगाडि बढाउने यो बिषयमा गम्भोरताका साथ अर्थमन्त्रिले यो सोच्नुहुने यो कोरोनाबाट सुरक्षित हुने कुरा महत्वपुर्ण कुरा हो र त्यपछि सवै शुदुरपश्चिम प्रदेश बासिहरुलाई खोपको प्राथमिकता पनि राख्नु पर्छ भन्ने म यहाँ राख्न चाहान्छु र जब सम्म सबै नागरिकहरुले खोप पाउन सक्दैनन्तब सम्म यसको कहर पुरा हुने छैन तस्नथ यो बजेट ले पहेलो भनेको मानिसको जिउ धनको रक्षा र यो भय पछि मात्रा बिकासको योजनाहरु लाई नै प्राथमकता हुन्छ तसर्थ यो बजेट अत्यन्तै स्वास्थ्य क्षेत्रमा राम्रो भुमिका खेल्ने गरि यो बजेट आवस भन्ने सुभकामना दिन चाहान्छु र अर्का यसै सँगै हामी पुर्वाधआरका बिकासका कुराहरु पनि हाम्रा रहेका छन हामी चौठो बर्षको बजेटको छलफलमा रहेका छौ हामीले ३ बर्ष सम्म कार्यान्वयन भयको बजेटलाई त्यसको समिक्षा गरौ हामीले कति उपलब्धी पायौ हाम्रो योजना आयोग भर्खरै बनेको छ अहिले मेचुअड हुन सकेको छैन कोरोनाको कहर बाट पोनि यो निषेध आज्ञाले

पनि देश बिकासका काम लगायत अन्य कुराम पनि देश समस्यामा परेको कुरा यहाँहरुलाई सर्बबिधितै छ तथापि मैले पटक पटक उठाउने गरेको छु हामी पुर्वाधार बिकास नदि हरुको तटबन्धनको लागि हामीले अरबौ रुपिया नदिको तटबन्धमा हामी बर्षेनि छुट्याउने गरेका छौ तर त्यो नदिको गुरु योजना बनायको छँ कि छैन त्यो नदिमा बर्षेनि कति पानि बग्छ कति चौडाइ त्यो नदिलाई चाहिन्छ त्यसलाई गुरु योजना बनायर जुन अहिले हामीले खर्च गर्ने रकम छ त्यो रकम लाई त्यो गुरु योजनाको आधारले खर्च गर्यौ भने जहानेर बनामन पर्ने छ अहिले अत्यन्त नबनाइ नहुने अवस्था रहेको छ त्यो लाई हामीले कार्यान्वयनको गर्यौ भने अवस्ज पनि त्यो हामीले गुरु योजना बनाइ सक्दा अर्थात ठुलो योजना हामीले त्यो नदिमा पायौ भने त्यो तटबन्ध त जताजतै बनायको जस्तो ईन्जिनुयर आयो हामीले त्यतै बनामने गर्छे त्यो ले अवस्ज पनि दिगो बिकासको हाम्रो लक्ष्यलाई प्राप्त गर्न सक्ने छैन हामी पन्ध्रौ पञ्चर्षे योजनाका ठुलो छलफल ग्रयौ त्यो पञ्च बर्षे योजनाले प्रदेशका गौरवका योजनाहरु र प्रत्येक जिल्लाका गौरवका योजनाहरु र हाम्रो उद्योग क्षेत्रका कुराहरु हुन अहिले केन्द्रमा रहेको शिला उद्योगको कुरा गर्दा अहिले त्यसले उद्योग सञ्चालन गरेर रोजगारी दिन सकिराखेको छैन त्यसलाई पनि हामीले उद्योगको रुपमा अहिलेको बजेटलाई मसिनो ढङ्गले समिक्षा गर्न जरुरि रहेको छ उद्यौगिक क्षेत्रलाई अहिले पनि प्रश्न उठेको छ चुरे क्षयका कुराहरु छन यो नदि जन्य बस्तु अर्थात ढुङ्गा गिट्टि बालुवा लाई हाम्रो प्रदेशको एउटा महत्वपुर्ण आर्थिक स्रोत यलाई बना मन पर्छ तर यो नदि भनेर बगेका नदिबाट बालुवा गिट्टि उठायर होइन यसकालागि एउटा राम्रो ढुङ्गा भयको हाम्रो किनारमा १-२ कि.मी रेन्जको यरिया सेलेक्सन गरौ त्यसको यसलाई बनाम र त्यहाबाट मात्र उठाउ हामी नदिबाट गिट्टि बालुवा उठाउने त्यहा चुरे भत्केर आउने र त्यहि उठेको रोयल्टिले चुरेको नियन्त्रण गर्ने कार्य गर्यौ भने त्यो कस्तो खालको बिकास हो त्यसले दिगो बिकासको लक्ष्य पुरा गर्ने सक्दैन त्यसकारणंले हामी पहाड को देश पनि भन्छौ तर हांमीले त्यसको प्रयोग गर्न सकेका छैनौ त्यसलाई स्थायि आम्दानीको स्रोत पनि बनामन सक्नुपर्छ त्यो नदिवाट उठाउने र नदि रोक्नाका लागि त्यहि बजेट लगाउने पर्ने योजना यो कस्तो बिकास हो यसमा यो बजेटले हेरोस र गुरु योजना बनायर नदिमा तटबन्ध गर्ने कामका लागि त्यो ब्यवस्था गरोस र ढूङ्गा गिट्टि बालुवा नदिबाट होइन एउटा निश्चित ठाउलाई सेलेक्सन गरेर त्यसको ईआए गरेर त्यसको आधुनिक मेसिनहरु छन त्यो हाम्रो अत्यन्त राम्रो स्रोत बन्न जान्छ बन्ने कुरा म यहाँ राख्न चाहान्छु । अब कृषि क्षेत्रको कुरा गरौ कृषि क्षेत्रमा हामी अनुदान का कुरा गर्छौ अनुदानले त्यो कृषि क्षेत्रको त्यो बितरणले कृषिले ठुलो उपलब्धी पाउन सक्दैन यलाई पनि मलखाद को समस्या रहेका छन यसको लागि मलखादमा ठुलो अनु दानको गरौ मलखाद तुरुन्त उपलब्ध हुने वाताबरण बनाम मलखाद लाई किसानलाई चाहियको बेलामा उपलब्ध हुने गराउ सिचाइलाई महत्वपुर्ण ढङ्गले अगाडि बढौ र त्यो तरिकाबाट हामी अगाडि बढ्यो भने अगि पनि यहाँ कुरा उठेको थियो हाम्रो ९ वटा जिल्लाको अन्नको भण्डार भनेको हाम्रो कैलाली कञ्चनपुर हो यसलाई जनसंख्या बृदि भयको छ हाम्रो ठाउ यहि रहने जनसंख्या बढ्ने तर हाम्रो भुगोल यहि रहने अवस्था रहेको छ उत्पादान हामीले गुस्तरिय ढङ्ग;ले गरेनौ भने भोलि अभाव हुने सम्भावना रहेको छ अहिलेको यो कोरोनाको कहरलर हामीले

हेरिरहेका छौ हाम्रो पेट्रोलको मुल्य कसरि बढेको छ बजारमा महङ्गाइले आकाश छोएको अवस्था छ अब यो महङ्गाइ भनेको भोलि सहजै किसिममा पनि हामीले घटाउन सक्ने अवस्था छैन मुद्रा स्फृतिको कुरा ब्यापक ढङ्गले बढेको छ यो वास्तवमा एउटा यस बिषयमा पनि संवेदनशिल ढङ्गले हामीले सोच्नु पर्ने अवस्था अहिलेको बर्तमान परिस्थितमा हामी पुगेका छौ म अन्तमा यो कोरोनाको दोस्रो लहरबाट मृत्यु भयका सम्पुर्ण देशका नागरिकहरुलाई मृत्यु बरण गरेका मृतक माथि श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र अहिलेको अवस्थामा कोरोनाको संक्रमण भयर हस्पिटलमा उपचारको क्रममा हुनुहुन्छ उहाको स्वास्थ्य लाभको कामना गर्दै यो सिद्धान्त बजेटको कुरा हामीले यस भित्र महत्वपुर्ण सबै कुरालाई छोएको छ यो भित्रलाई अझै यसको लिष्टमा गयर हामी अहिलेको बजेट लाई नीति तथा कार्यक्रमलाई त्यसपछि प्रस्तुत हुने नै छ यसमा ४७ वटा बुदा महत्पुर्ण ढङ्गले आयकानै छन यसलाई म अत्यन्तै महत्वपुर्ण यो सिद्धान्त र प्राथमिकताको विधेएकमा टेकेर नीति तथा कार्यक्रम आउने च र आवस र अहिलेको यो बजेट ले अबस्य पनि मैले उठा यका कुरालाई लिने छ भन्ने आशा र बिश्वास लिएको छु भन्दै अन्तमा बिदा हुन्छु धन्यवाद ।

**माननीय कर्ण बहादुर मल्ल**

माननीय सभामुख महोदय  सर्बप्रथम यो आठौ अधिवेशनको सफलता शुभकामना दिन चाहान्छु र यो प्रदेश सभाको सदष्यको हैसियतले अत्यन्तै बिषम परिस्थितका बिच बाट सच्यायर यो प्रदेशले शुदुरपश्चिम प्रदेश का बासिन्दाहरुलाई जुन किसिमबाट वाचिरहेका छन यसलाई अभिभाक्त लियर बाच्ने छन भण्ने थोरै बिस्वास लिएको छु माननीय सभामुख महोदय बिश्वास नलियर पनि बस्न सकिने अवस्था रहेको छैन म एउटा प्रसङ्ग सहित आफ्ना अभिव्यक्तिहरु सभामा राख्ने अनुमति चाहान्छु माननीय सभामुख महोदय गत बर्ष कोरोनाको  साधारण अवस्थामा हामी चुर्लुम डुब्ने अवस्था सहित एक जना प्रशासक लोकमान सिँ कार्की र आयुर्वेदिक डक्टर सँग भेट भयो र उनु आयुरवेधिक डक्टर सँग गफ गर्दै थिय र तिनिहरु को दबाइ खाएर कोरोना लाग्दैन भन्ने सुनेर आएक हुँ दबाइ माग्न आयको हु भनेर मैले गफ सुनिरहे म उनको गफ चल्दाखेरि संयोगले त्यहा पुगेको थिय र गफ ग्रने क्रममा म अब कति दिनसम्म वाच्ने रहर छ भने यो प्रदेशका ५४ जना महाभ्रष्टचारीलाई कारबाही गर्ने एक मात्र ध्येयले म आफ्नो जिबन वाचिराखेको छु त्यसैकारणले मलाई यो कोरोनाको दबाइ लिन तिमिकहा आयको हु  भनेर निर्धक्कता साथ ठुलो हिर्दयका साथ तर मर्छु कि भन्ने ठुलो मृत्युको भित्र बाट आफ्ना अभिब्यक्तिहरु दि राख्नु भयको थियो दबाइ लियर निस्कनुभयो निस्किय लगत्तै मैले ति डाक्टरलाई सोधे माननीय सभामुख महोदय उहाका अभिव्यक्ति मा तपाइले कतिको बिश्वास ग्रनु भयो उहाले भन्नु भयो यो मान्छे मेरो कोरोनाको दबाइ खायर म वाच्छु भन्ने पुर्ण बिश्वासका साथ म कहा आयको होइन कहि सुन्नु भयको थियो होला त्यसैले नै दबाइ लियर जानु भयो त्यसलै उहाले मनको भित्र बाट दबाइ खानुहुन्छ कोरोना उहालाई लाग्छ कि लाग्दैन मलाई थाहा छैन तर मलाई सबै भन्दा अचम्म के लाग्छ भने देशको सबै भन्दा बडि भ्रष्टचारीका नामले चिनियको लोकमान सिँ कार्कीले ५४ जना भ्रष्टाचारीलाई कानुनले दिने मृत्य शैयासम्म पुर्याउने नहुदा सम्म म मर्ने छैन यहि मात्र मेरो चाहना जुन ईच्छा छ भनेर उहाले भन्नु भयो उहाले

